# Invitation for Bids

## उर्लाबारी नगरपालिका कार्यालय, मोरङ्गको सौर्य उर्जामा आधारित सडकवत्ति जडान कार्यको आपूर्तिकर्ता छनौटका लागि आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७३/१२/०४**

चालु आ.व. ०७३/०७४ मा यस नगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानमा सौर्य उर्जामा आधारित सडक वत्ति जडान गर्नु पर्ने भएकोले तपसिल वमोजिमका योग्यता पुगेका आपुर्तीकर्ताहरुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. आपूर्तिकर्ता वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा सुचिकृत भएको हुनु पर्नेछ ।

२. आपुर्तीकर्ताले प्राविधिक प्रस्तावको साथमा आ व ०७२/०७३ को कर चुक्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र व्यवसाय दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी साथै पेश गर्नु पर्नेछ ।

३. ईच्छुक प्रस्तावदाताहरुले प्राविधिक तथा आर्थिक प्रस्ताव दस्तुर वापत तपसीलमा उल्लेख भए बमोजिम फिर्ता नहुने गरी रु. १०००/– (अक्षरेपी रु.एक हजार मात्र ) बुझाई खरिद गर्न सक्ने छ ।

४. प्रस्ताव पेश गर्दा प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै सिलबन्दी गरी पेश गर्नु पर्नेछ । प्राविधिक प्रस्ताव उत्तिर्ण गरी आर्थिक प्रस्तावमा सबै भन्दा कम कवोल गर्ने आपूर्तिकर्ताको प्रस्तावलाई आपूर्तिकर्ताको रुपमा छनौट गरिनेछ ।

५. आपुर्तीकर्तासँग एक जना इलेक्ट्रिकल इन्जिनियर र दुई जना सव-इलेक्ट्रिकल इन्जिनियर सहितको जनशक्ति व्यवस्था भएको हुनु पर्नेछ ।

६. Bidding Document को रकम बैंकमा जम्मा गर्दा चाहिने आवश्यक जानकारी

बैंक को नाम :– कृषि बिकास बैंक

उर्लाबारी नगरपालिका, उर्लाबारी मोरङ्ग

राजस्व शिर्षक नं :– ०६०१७००६२६१२२०१८

धरौटी शिर्षक नं :– ०६०१७००६२६१२१०११ (बोलपत्र जमानत को लागी)

७. आपूर्तिकर्तासँग कम्तिमा २ वटा भ्याङ र २ वटा मिनी ट्रक (भाडामा लिएको भए सम्झौता पेश गर्नु पर्ने) हुनु पर्नेछ ।

८. प्रस्तावदाताको फर्म वा कम्पनी स्थापना भई संचालन भएको कम्तिमा पाँच वर्ष नाघेको हुनु पर्नेछ भने सौर्य सडक बत्ती सम्बन्धी कम्तिमा तीन वर्ष अनुभव हुनु पर्नेछ र प्रस्तावदाताको फर्म वा कम्पनीको प्रबन्ध पत्रमा सोलार सम्बन्धी काम गर्ने भनी उल्लेख भएको हुनु पर्नेछ । विगत पाँच वर्षमा कम्तीमा २ वटा योजनामा कम्तीमा ८५ वटा सोलार बत्ति जडान गरेको हुनुपर्ने छ । यसैगरी आपूर्तिकर्तासँग Turnover को हकमा विगतको ५ वर्ष मध्ये सबैभन्दा वढि काम गरेको ३ वर्षको औषत रु ८४,५०,००० (चौरासी लाख पचास हजार मात्र) हुनुपर्नेछ ।

९. इच्छुक आपूर्तिकर्ताले सूचना प्रकासन भएको मितिले १५ औं दिन सम्ममा कार्यलय समय भित्र प्रस्तावसँग सम्वन्धित कागजातहरु खरिद गरी सक्नुपर्ने छ । १६ औं दिनको १२ बजे भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव दर्ता गरी सक्नुपर्नेछ सोही दिन दिनको ठिक २ बजे प्राविधिक प्रस्ताव खोलिनेछ । आर्थिक प्रस्ताव खोल्ने समयमा प्रस्तावदाताको उपस्थिति नभए पनि प्रस्ताव खोल्न सकिनेछ ।

१०. अन्य कुराहरु प्रचलित कानून अनुसार नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ । यस सम्वन्धी सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

११. काम र योग्यताको माग सम्वन्धि बिवरण ।

| Contract No. | Description of Works | Minimum bid security amount | Average Annual Construction Turnover Required, | Same Nature Work Experience Required | Minimum Amount of Liquid assets and/or credit facilities required |
|---|---|---|---|---|---|
| **Urlabari Municipality/SSL /Goods/02/073-074** | Supply, Installation, Testing & commissioning of Solar Street Light. | NRs. 1,06,000/- | NRs 84,50,000/- (Average of Best 3 Years out of Last 5 Years) | Successful completion of at least 2 similar projects which includes installation of more than 85 solar street light within the last 5 years. | NRs. 7,50,000.00 |

कार्यकारी अधिकृत
उर्लाबारी नगरपालिका, मोरङ्ग